## पासपोर्ट / राहदानी लिने सेवाग्राहीहरुका लागि जानकारी:-

- सर्वप्रथम राष्ट्रिय परिचय पत्रको फारम भरि राष्ट्रिय परिचय पत्र नम्वर (NIN) लिनुपर्ने ।
- राहदानीको लागि **https://emrtds.nepalpassport.gov.np** मा गई आवश्यक कागजपत्र अपलोड गरि फारम भर्नु पर्ने ।
- फारम भरिसके पश्चात सो फारम प्रिन्ट गरि तोकिएको मिति र समयमा नागरिकताको प्रमाण पत्र, राष्ट्रिय परिचय पत्र, विवाहितको हकमा विवाह दर्ताको प्रमाण पत्र, बसाईसराइ गरेको हकमा बसाईसराइ दर्ताको प्रमाण पत्र, कर्मचारीको हकमा सम्बन्धित कार्यालयको सिफारिस पत्र र कर्मचारी परिचय पत्रको सक्कल सहित कार्यालयमा लिई आउनु पर्ने ।
- जिल्ला प्रशासन कार्यालयको कोठा नं. १८ मा नागरिकताको अभिलेख भिडाई पासपोर्टको फारम रुजु गर्नु पर्ने ।
- पासपोर्टको फारम रुजु पश्चात जिल्ला प्रशासन कार्यालय ललितपुरको प्राङ्गणमा रहेको **Global IME Bank** मा गई राजश्व बुझाउनु पर्ने ।

### राजश्व दस्तुर

| | |
|---|---|
| साधारण राहदानी दस्तुर (नयाँ / नविकरण) | ५,०००। |
| राहदानी हराएको वा बिग्रिएको हकमा | १०,०००। |
| नावालकको हकमा (१० बर्ष भन्दा कम) | २,५००। |
| (१० बर्ष भन्दा बढी) | ५,०००। |

- बैंकमा राजश्व बुझाए पश्चात बैंक भौचर सहित १८ नं. कोठामा आई आफ्नो पालोमा बसि **Biometric** विवरण दिनु पर्ने ।
- **Biometric** विवरण दिएको १ महिना पश्चात वा मोबाईलमा **Message** आए पश्चात बैंकमा राजश्व तिरेको सक्कल भौचर र राहदानीको फारम सहित १८ नं. कोठामा आई आफ्नो राहदानी लिनु पर्ने ।